# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बारेकोट गाउँपालिका
## जाजरकोट

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बारेकोट गाउँपालिका
## जाजरकोट

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बारेकोट गाउँपालिका

## जाजरकोट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ७१

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

बारेकोट गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,

जाजरकोट ।

१. **कैफियत सहितको राय** — हामीले बारेकोट गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ५ करोड १ लाख ७४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.३६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ लाख ८७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ८० लाख ७५ हजार, नियमित गर्नुपर्ने रु.३ करोड १८ लाख ७६ हजार समेत रू. ५ करोड १ लाख ३८ हजार रहेको छ । बारेकोट गाउँपालकाको गतवर्ष सम्म रु. १२ करोड १ लाख ४० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १६ करोड

९४ लाख १ हजार रहेको छ । बारेकोट गाउपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौँ। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौँ ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बारेकोट गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(पशुपति प्रसाद काफ्ले)**
**नायब महालेखापरीक्षक**

बारेकोट गाउँपालिका,

जाजरकोट

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | २२ | ५०१७४ | ० | १ | ३६ | ५५ | २१ | ५०१३८ | १८७ | ३१८७६ | १८०७५ | ० | ० | ४९९५१ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बारेकोट गाउँपालिका | १२०१४० | ० | ८७७ | ११९२६३ | ० | ५०१३८ | १६९४०१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | ५७ | राजस्व असुली | ३६२०० |
| | २०७८।७९ | नाम्स वाट | नाम्स वाट | ८७७०९७ |
| | कुल जम्मा | | | ९१३२९७ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी पालिकामा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नलगाड नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नलगाड नगरपालिकाको उद्देश्य रहेको छ । यस नलगाड नगरपालिका अन्तर्गत ९ वडा, ४७ सभा सदस्य, ५७७.५ वर्ग किलोमिटर क्षेत्रफल तथा २१ हजार ७८९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०६।१३ देखि २०८०।०६।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि-** यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा --** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी

विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय /व्ययको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७५६५५०२।७६ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| कार्यक्रम/ ब.उ.शी.नं. | वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|---|
| सशर्त संघ | बाँकी रकम | १५९६४३९। | २०८०।६।२१ | नेपाल बैंक लिमिटेड खलंगा |
| सामाजिक सुरक्षा | दोहोरो भुक्तानी | ५९६९०६३।७६ | २०८०।६।२१ | नेपाल बैंक लिमिटेड खलंगा |
| **जम्मा** | | **७५६५५०२।७६** | | |

### लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनको विस्तृत विवरण अनुसूचीमा समाबेश गरिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **वित्तीय विवरणको यथार्थता -**

३.१ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सूत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७९३५३९००।, एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम रु.२६१३८९९२। पूर्वाधार विशेष कार्यक्रम रु.५९३७६३०।, जलश्रेत तथा उर्जा विकास रु ८८०००००। आन्तरिक मामिला तथा कानून मन्त्रालय रु ६७१७६०। जनता आवास कार्यक्रम रु.६५०८७५०। सामाजिक विकास मन्त्रालय रु.१३००७९। र प्रदेश स्थानीय शासन सहयेग कार्यक्रमको रु.६८००३४। समेत रु.१२८२२११४५। सूत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सूत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सूत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.२ **फरक जिम्मेवारी**- पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.४०६४१५०७।७४ मौज्दात रहेकोमा यो वर्ष रु.४२३७८४३०।७४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१७३६९२२।३० बढी जिम्मेवारी सारेको देखियो ।

३.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ-

| **सि.नं.** | **खाताको नाम** | **श्रेस्ता अनुसार २०८० असार मसान्तको बाँकी** | **बैंक स्टेटमेण्ट अनुसार २०८० असार मसान्तको बाँकी** |
|---|---|---|---|
| १ | सञ्चित कोष | १९७०९१००।९२ | ७८६९९४१।७३ |
| २ | चालु खाता | ० | ३९५१७११।६८ |
| ३ | पुँजीगत खाता | ० | ९३८१२८३।२३ |
| ४ | प्रकोप व्य कोष खाता | ५३४११०२ | ५३५६८३३ |
| ५ | विविध | २३१२४४।८३ | २९५१४४।८३ |
| ६ | धरौटी | ५७२२१२४। | ६१८०६८५। |

३.४ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.३९५१७११।६८ पुँजीगत खातामा

रु.९३८१२८३।२३, समेत रु.१३३३२९९४।९१ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन-

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

• पालिकाको श्रेष्ता र वैक वीचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाइएन ।

• पालिका संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाइएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितणमुखी रहेको पाइयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो

• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाइएन

• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्नेमा तोकेको पाइएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाइएन।

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको,

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ११५ जनाको दरबन्दी रहेकोमा २० दरबन्दी रिक्त रहेको पाइयो ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।

• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागू गरेको पाइएन ।

• निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.३ करोड ४० लाख ५९ हजार ९ सय ५ तलब खर्च लेखेको पाइयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ

५ **आन्तरिक लेखापरीक्षण -**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । तर वारेकोट गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएकोमा प्रभावकारी भएको देखिएन । तसर्थ आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

६ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम पालिकाको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिकामा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म करारका समेत २९ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

७ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय

तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्ष श्री नरबहादुर गिरीले २०७९३।१० मा रु.५२ करोड ५२ लाख ९१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट २०७९।३।२४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

८ **बजेट तथा कार्यक्रम तर्जुमा**-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

९ **आवधिक योजना -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१० **आय अनुमान -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१८ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२२५६७१४। अर्थात अनुमान भन्दा २५.३७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

११ **बजेट सीमा निर्धारण समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध

गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१२ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । (रु हजारमा)

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३१२५०००० | २३४५४००५ | ०.९३ |
| २ | पूर्वाधार विकास | १२६०६९४०० | ११६२०९६२१ | ४.६२ |
| ३ | सामाजिक विकास | २५५०३४००० | २२७७७२५१४७ | ९०.६ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४९३०५५६२ | ४०११२३६४ | १.६ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ७७६६४००० | ५६६३८३९३ | २.२५ |
| | जम्मा | ५३९३२२९६२ | २५१४१३९५३० | १००. |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ९०.६० प्रतिशत र आर्थिक विकास क्षेत्रमा सबै भन्दा घटीमा ०.९३ प्रतिशत रहेको छ ।

१३ **खर्च विश्लेषण** -

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु २२५६७१४। राजस्व बाँडफाँड र अनुदानबाट रु ४५००६४७७४।१९ समेत रु.४५२३२१४८८।१९ आम्दानी भएकोमा चालुतर्फ रु.३०९०८४४६०।६१ र पुँजीगततर्फ रु.१५५०५५०७२।२० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.४८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.७५४२०००। खर्च भएको छ । जुन आन्तरिक आयको ३३४.२० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.६० प्रतिशत चालु र ३३.४० प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१५ **लागत सहभागिता -**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित पालिकाको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने देखिन्छ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

१६ **कानून र सञ्चालन स्थिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, १ वटा नियमावली, ८ कार्यविधि लगायत ३३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ३३ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१७ **न्यायिक समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ११ र यो वर्ष थप भएको ५ गरी कुल १६ विवाद दर्ता भएकोमा १ वटा मात्र फस्यौंट भई १५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१८ **सम्पत्ति हस्तान्तरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण

हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असाढ मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । साथै सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रमाणी (PAMS) यस पालिकामा पूर्णरुपले लागु नभएकोले सम्पूर्ण सम्पत्तिको अध्यावधिक विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा राख्नुपर्दछ ।

१९ **महोत्सव तथा अन्य खर्च -**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिंदैन । तर गाउँपालिकाले यस वर्ष कुल रु.४ लाख ५० हजारको मौलिक वाजा खरिद तथा ९ ओटै वडामा वितरण गरी उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा खर्च गरेको छ । यस्तो कार्यलाई निरुत्साहित गर्नु पर्दछ ।

२० **छात्रवृत्ति -**

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । यस पालिकाले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान संग ५ वर्षको सम्झौता गरि छात्रवृत्ति रकम भुक्तानी दिएको छ । यस प्रतिष्ठानमा एम.वि.वि.स अध्ययनरत रुपक प्रकाश ज्योतिको शुल्क भुक्तान सम्बन्धी सम्झौतामा ५ वर्षको रु.२८८७५००।०० भुक्तानी गर्ने सम्झौता गरेको छ । सोही अनुसार यस आर्थिक वर्षमा चौथो वर्षको शुल्क वापत रु.५७७५००।०० भुक्तानी गरेको छ । यस किसिमको छात्रवृत्ति कार्यक्रमको कार्यविधि बनाएको देखिदैन । पालिकाले कार्यविधि बनाएर आफ्नो आन्तरिक आयले धान्न सक्ने गरी कार्यान्वयन गर्नुपर्दछ ।

२१ **योजना प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल २६१ योजनामा वजेट विनियोजन गरेको छ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १०-५० लाखसम्म | ५० लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ | २० | ५१ | २६ | ३४ | ९ | १६१ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि ७० लाख सम्मका जम्मा १६१ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २१ वटा योजनाहरु र ५० लाखभन्दा बढीका ९ योजना रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा पालिकाको जनशक्ति वर्षैभरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्थातर्फ ध्यान दिनु पर्दछ ।

२२ **वार्षिक खरिद योजना/गुरुयोजना -**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५५०५००७२।२० पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२३ **रकमान्तर -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरीत वडा कार्यालयहरूको सिफारिशमा कार्यपालिकाले रकमान्तर गरी विभिन्न कार्यक्रममा रु.८१ लाख ९४ हजार कार्यक्रम संशोधन गरी रकम खर्च गरेको देखिएको छ ।

२४ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको पाइएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमूलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाइएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १८४

जनालाई रोजगारी उपलब्ध गराई रु.९८८७६५८। खर्च गरेको छ । लक्षित वर्गलाई ४२ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन ।

२५ **अवकाश कोष -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकाश कोषमा रकम ट्रान्सफर गरेको छैन ।

२६ **तलवी प्रतिवेदन -**

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका कर्मचारीको रु.१३७४०७११। खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२७ **सार्वजनिक परीक्षण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२८ **वडा सचिवको पदपूर्ति -**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | ० | ९ |

२९ **औषधि खरिद -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीसलाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहले उक्त प्रक्रियावेगर चालु खर्च, सशर्त चालु खर्च र नगरपालिकाबाट औषधि खरिदमा रु.४०२१२९५। का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

•खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

•आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

•आपूर्ति भएका औषधि एंव सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

•औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

•औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनुपर्ने एकमुष्ठ घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३० **अन्य निकायको खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । यस पालिकाले नियममा कतै व्यवस्था नभएको गाउँपालिकाको कार्यक्षेत्र भन्दा फरक निकायलाई भुक्तानी लेखी खर्च गरेको पाइएको छ ।यसरी अन्य अन्य निकायलाई भुक्तानी गर्दा गाउँपालिकालाई व्ययभार बढ्ने कारण यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| भौ न मिति | कार्यक्रम | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १२९ २०७९।११।१४ | प्रहरी चौकी सिलिङ्गचौर र लिम्साको लागि रु ६ लाख विनियोजन गरी २ वटा मोटरसाइकल खरिद गरी रु ५६५८०० भुक्तानी गरेको । | ५६५८०० |
| १७१ २०८०।१।१२ | जिल्ला अदालत जाजरकोटको प्रतिक्षालय निर्माण कार्य गत आ व को भुक्तानी बाँकी | १००००० |
| | **जम्मा** | **६६५८००** |

३१ **फोहरमैला व्यवस्थापन -**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३२ **थप सामाजिक सुरक्षा भत्ता -**

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ ।नेपाल सरकारले जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिरेहेको छ । यस पालिकाले थप सामाजिक सुरक्षा भत्ता वापत वडा नं १ देखि ९ सम्मका ६० वर्ष देखि ६८ वर्ष सम्मका जेष्ठ नागरिकलाई औषधि उपचार वापत प्रतिव्यक्ति वार्षिक रु.२५००। का दरले ७४४ जनालाई रु.१८६००००। रकम वितरण गरेको छ । रकम वितरण वडाका जनप्रतिनिधिहरुको रोहवरमा नगदै वितरण गरेको भरपाई पेश भएको छ । यस्ता वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३३ **एकीकृत वस्ती विकास कार्यक्रम -**

मनसुनजन्य विपद प्रभावित निजी आवास पुनःनिर्माण तथा पुनस्थापना अनुदान कार्यविधि २०७७ अनुसार पालिकाले वडा न ५ अन्तर्गतका ३० जना र वडा न ४ अन्तर्गतका ३० जना लाभग्राही छनौट गरी ६० जनालाई प्रतिपरिवार लागत अनुमान रु ७९८६०८।३६ मा अनुदान रु. ४८००००। र बाकी श्रमदान हुनेगरी यस वर्ष प्रतिपरिवारलाई रु.१०८४७९।१६ का दरले रकम रु.६५०८७५०। बैंक खातामा भुक्तानी गरेको छ । उक्त लाभान्वित परिवारको घर बन्ने जग्गाको स्वामित्व सम्बन्धितकै नाममा भएको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ । उक्त कार्यक्रम आर्थिक वर्ष भित्र नै सम्पन्न हुनेगरी सम्झौता भएकोमा जस्तापाता खरिद विल, डोरहाजिरी फाराम र भवनको फोटो राखी कार्यसम्पन्न भएको पाइयो । कार्यविधिमा भएको व्यवस्था बमोजिम नै लाभग्राही छनौट गर्ने सम्बन्धमा पालिका नै जिम्मेवार हुनुपर्दछ भने कार्यविधि अनुरुप सम्पूर्ण कार्य समयमै सम्पन्न गरी पालिकाले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

### ३४ कर तथा शुल्क असुली -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ५००००० | ९९२७० | २७.७८ |
| घरजग्गा वहाल कर | १००००० | ९९९२६ | ५.५६ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | १५०००० | ३६२८३० | ८.३३ |
| वहाल विरौटी शुल्क | ० | ० | ० |
| कृषि तथा पशुजन्य वस्तु कर | ३००००० | ६५१०० | १६.६७ |
| न्यायिक दस्तुर | ५०००० | ६८०० | २.७८ |
| सिफारिश दस्तुर | ३००००० | २१३३८० | १६.६७ |
| ब्यक्तिगत घटना दर्ता | ५०००० | ११८९०० | २.७८ |
| अन्य दस्तुर | २००००० | ३०१७२९ | ११.११ |
| अन्य कर | ५०००० | ९३८२७९ | २.७८ |
| वेरुजु | १००००० | ५०५०० | ५.५६ |
| **जम्मा** | **१८०००००** | **२२५६७१४** | **१००.** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

### ३५ आन्तरिक आय -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|

| | | |
|---|---|---|
| ४३२७६६४९३।१० | २२५६७१४ | ०.५२% |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.५२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ३६ त्रैमासिक पूँजीगत खर्च -

त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । रु हजारमा

| **बजेट उपशीर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | १५५०५५ | ५८८८ | ३९६७० | १०९४९५ | ० | ७०९४६ |
| प्रतिशत | **१००.** | **३.८** | **२५.५८** | **७०.६२** | ० | **४५.७६** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१५ करोड ५० लाख ५५ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ५८ लाख ८८ हजार (३.८० प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ३ करोड ९६ लाख ७० हजार(२५.५८ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. १० करोड ९४ लाख ९५ हजार (७०.६२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७ करोड ९ लाख ४६ हजार (४५.७६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिकरुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ३७ पालिकाका पदाधिकारी सुविधा -

कर्णाली प्रदेश पालिकाका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मितिदेखि अनुसूची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष रु.७५४२०००। रकम सुविधा वापत भुक्तानी गरेको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख /उपाध्यक्ष | वडाध्यक्ष ९ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य ४१ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | १३५०० | १२००० | ११८५०० | ६४५०० | १०९५०० | ३१८००० |
| २ | यातायात खर्च | १८०००० | १४४००० | ८६४००० | ३९६००० | ९८४००० | २५६८००० |
| ३ | टेलिफोन, मोबाइल | ३६००० | ३६००० | ३२४००० | ७२००० | ४९२००० | ९६०००० |
| ४ | पुस्तक, पत्रिका , ईन्टरनेट | ३६००० | ३६००० | ३२४००० | ७२००० | २४६००० | ७१४००० |
| ५ | बिधुत तथा उर्जा खर्च | ३६००० | ३६००० | १०८००० | ७२००० | २४६००० | ४९८००० |
| ६ | अतिथि सत्कार | ६०००० | ४८००० | ४३२००० | ७२००० | ४९२००० | ११०४००० |
| ७ | खानेपानी/बिजुली/सरसफाई | ४८००० | ३६००० | १०८००० | ७२००० | २४६००० | ५१०००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | १३५००० | ९०००० | ६१५००० | ८७०००० |
| | **जम्मा** | **४२४५००** | **३६३०००** | **२४१३५००** | **९१०५००** | **३४३०५००** | **७५४२०००** |

३८ **शिक्षक दरवन्दी र पदपूर्ति -**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार (राहत र अस्थायी) | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री भगवती आवि बयाला | १ | १ | २ | १७४ |
| २ | श्री हिमालय देवी आवि सिर्पाचौर | ३ | ३ | ० | २०२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | श्री कालिका आदर्श मावि रामीडाँडा | ३ | ३ | ३ | ४९३ |
| ४ | श्री विद्यादेवी प्रावि धौलाकोट | २ | १ | २ | १५७ |
| ५ | श्री नेपाल राष्ट्रिय प्रावि सेरी | २ | २ | ० | ३७ |
| ६ | श्री हिमज्योती प्रावि ध्यारगाउँ | ० | ० | १ | १५३ |
| ७ | श्री वीरेन्द्र ऐश्वर्य मावि लिम्सा | १२ | ६ | ६ | ९८२ |
| ८ | श्री वीरेन्द्र ऐश्वर्य प्रावि लिम्सा | ३ | ३ | ० | ८० |
| ९ | श्री जनता आवि रोकायगाउँ | ३ | ३ | २ | ३५० |
| १० | श्री जनज्योती आवि भैसामारे | २ | २ | १ | १९८ |
| ११ | श्री शान्ति प्रावि बुढागाउँ | ० | ० | १ | १५६ |
| १२ | श्री जनप्रिय प्रावि स्यालामुल्साम | ० | ० | २ | १११ |
| १३ | श्री दीपेन्द्र मावि पहाडामुल्साम | ३ | २ | ३ | ४०१ |
| १४ | श्री महादेव प्रावि रुम्सील | १ | १ | १ | ८५ |
| १५ | श्री हिमालय आवि गोठगाउँ | ३ | ३ | १ | २२० |
| १६ | श्री गोरख आवि मौरीभिर | ० | ० | २ | २२३ |
| १७ | श्री भगवती मावि जिरी | ३ | ३ | १ | ३८७ |
| १८ | श्री नौमुली प्रावि लिम्क | ० | ० | ० | ६२ |
| १९ | श्री जगत आवि मैना | २ | २ | २ | २१९ |
| २० | श्री जनता प्रावि नायकवाडा | ० | ० | १ | १९६ |
| २१ | श्री सरस्वती मावि सिलिङ्गीचौर | ५ | ५ | ४ | ५३२ |
| २२ | श्री भगवती प्रावि तोलखाना | २ | २ | १ | ८३ |
| २३ | श्री कालिका आवि सिन्चौर | ० | ० | २ | १९३ |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | श्री चन्द्रज्योती प्रावि करुका | ० | ० | १ | ५९ |
| २५ | श्री देउराली प्रावि सिम्खारा | ० | ० | १ | ७४ |
| २६ | श्री नौमुली आवि घर्तीगाउँ | १ | १ | २ | १२५ |
| २७ | श्री सरस्वती आवि धुमा | ३ | ३ | ० | १९८ |
| २८ | श्री देउती बज्यै प्रावि ताँसी | ० | ० | ० | ८८ |
| २९ | श्री सीता मावि कार्कीज्यूला | ६ | ६ | २ | ७३५ |
| ३० | श्री बाल प्रावि लुहाग | ० | ० | ० | १५१ |
| ३१ | श्री राधा प्रावि सिन्तरा | ० | ० | ० | ८३ |
| ३२ | श्री सीता मावि गराग्लीचौर | २ | २ | २ | ४३२ |
| ३३ | श्री जनविकास प्रावि स्याला | ० | ० | १ | १६७ |
| ३४ | श्री हरिहर आवि सुवाकोट | ३ | ३ | ० | २४७ |
| ३५ | श्री शंङ्कर आवि बन्डाला | ३ | ३ | ० | १९८ |
| ३६ | श्री कृष्ण प्रावि छुतिपाल्ती | ० | ० | ० | ६६ |
| ३७ | श्री विश्व आवि सेपुखोला | ३ | ३ | ० | २१४ |
| ३८ | श्री धनु प्रावि कोल्यानी | ० | ० | ० | ५६ |
| ३९ | श्री देउती बाल प्रावि लैखम | ० | ० | ० | १२० |
| ४० | श्री भगवती आवि लैखम | २ | २ | २ | २२३ |
| ४१ | श्री हिमालय नवदेव प्रावि कासी | २ | १ | २ | १८४ |
| ४२ | श्री दीपेन्द्र मावि सक्ला | ५ | ३ | ५ | ४४४ |
| ४३ | श्री पूर्णज्योती प्रावि खारी | १ | १ | २ | १९३ |
| ४४ | श्री बालकल्याण प्रावि सक्ला | ० | ० | १ | १११ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४५ | श्री लालीगुराँस प्रावि अयर्ना | ० | ० | ० | ५४ |
| | **जम्मा** | ८१ | ७० | ५९ | **९९१६** |

उपरोक्त ४५ विद्यालयहरु मध्ये १७ वटा विद्यालयमा दरबन्दी नै नरहेकोमा करार र राहतका शिक्षक राखी विद्यालय संचालन गरेको पाइयो । दरबन्दी समेत नरहेको विद्यालयलाई नजिकको विद्यालयमा मर्ज गरी खर्च कटौती गरिनु पर्दछ ।

३९ **नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ (NCCSP २) -**

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ (सन् २०१९-२०२३) अन्तर्गत कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकारलाई मोट म्याकडोनाल्ड लिमिटेडले प्राविधिक सहयोग तथा केमोनिक्स इन्टरनेशनलले वित्त व्यवस्थापन सहयोग र आर्थिक सहयोग बेलायत सरकार उपलब्ध गराएको छ । वारेकोट गाउँ कार्यपालिकाको २०७९।५।११ को निर्णय अनुसार नगरपालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ बीच सहकार्य गर्ने गरी वार्षिक बजेट रु १९४०००००। रहेकोमा निकासा तथा खर्च रु १९०११३०५। रहेकोमा तपशील बमोजिमका कार्यहरु गरेको पाइयो । लैखम तरकारीखेती बारेकोट ८ मा रु ४८४५०। जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशीलता सम्बन्धी सचतना सम्बन्धी कार्यक्रम संचालन मा रु ५१०००। समेत रु ९९४५०। बढी खर्च गरेकोले नियमित मान्न सकिएन । यस सम्बन्धि विस्तृत विवरण अनुसूचीमा समाबेश गरिएको छ । रु.

| | |
|---|---|
| अनियमित भएको | ९९,४५० |

**(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४० **दररेट भन्दा बढीमा खरिद -**

४२। २०७९।९।१९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । कुनै पनि सामग्री खरिद गर्दा दररेट निर्धारण समितिले निर्धारण गरेको दरमा मितव्ययी तरिकाले खरिद गर्नुपर्दछ ।यस पालिकाले निम्नानुसारको कृषि विउविजन खरिद गर्दा उक्त दरभन्दा बढी दरमा खरिद गरेको पाइएकोले सो जिल्ला दररेट भन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।रु

| भौ न र मिति | कार्यक्रम | भुक्तानी भएको कृषक समूह | खरिद भएको सामग्री | परिमाण | जिल्ला दर | खरिद दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ २०७९।१२।०९ | किवि विरुवा वितरण | नमुना किवि खेती सञ्चालक समिति | किवि कलमी विरुवा | १३०० वटा | ३०० | ३४५ | १३५०० |
| | | | किवि विजु बिरुवा | १५०० वटा | १०० | १४५ | ६७५०० |
| ६ २०७९।१२।०६ | ओखर विरुवा रोपण | उपभोक्ता समिति मार्फत कार्य भएको | ओखर विजु विरुवा | १००० वटा | १०० | १२५ | २५००० |
| | | | | | | **जम्मा** | **८३५००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८३,५०० |

४१ **संघीय समपूरक कोषमा फिर्ता गर्नुपर्ने -**

२७ २०८०।३।२१३ संघीय समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को नियम ६ मा संघीय समपूरक अनुदान बढीमा ५० प्रतिशतसम्म उपलब्ध गराउन सकिने उल्लेख छ। अनुदान प्रदान गर्दा ठेक्का लागत घटाघटबाट आयोजनाको कुल लागत घटी हुन गएमा सोही अनुपातका आधारमा अनुदान प्रदान गरिने उल्लेख छ ।त्यस्तै आयोजनाको प्रकृति, प्रदेश सरकारको प्राथमिकता, आवश्यकता, आयोजना वा कार्यक्रमबाट प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धी लगायतको आधारमा कुल लागतको बढीमा ५० प्रतिशतसम्म रकम संघिय सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्नसक्ने उल्लेख छ ।यस गाउँपालिकाले लिम्सा दह सडक स्तरोन्नति कार्यका लागि यस आर्थिकवर्षमा भएको जम्मा खर्च रु ११६०१३११। संघीय समपूरक कोषबाट खर्च गरेको छ । यस आर्थिक वर्षको भुक्तानी रु ११६०१३११। मध्ये २०८०।३।१२ को कार्यालयको पत्रबाट रु ८६०१३११। र पहिल्यै प्राप्त भएको रु ३००००००। बाट भुक्तानी भएको छ । सबै खर्च संघीय समपूरक कै बजेटबाट खर्च लेखेको पाइएकोले यसरी कार्यविधि अनुसार नमिल्नेगरी गरेको रु ८६०१३११। को ५० प्रतिशतले हुने रु ५८००६५५ संघिय संचितकोषमा फिर्ता गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५८,००,६५५ |

४२ **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम -**

४२.१ शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक पालिकाले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनुपर्ने, पालिका अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु पालिकाले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले उक्त कार्यक्रमका लागि देहायका ४ वटा विद्यालयलाई १ करोड ७५ लाख विनियोजन गरी रु १५२६०१६९। खर्च लेखेको छ । उक्त कार्यक्रममा देखिएका व्यहोराहरु निम्नानुसार छन्

४२.२ **हिमालय देवी आधारभूत विद्यालय-** ३१ २०८०।३।२१ २ कोठे भवन निर्माण कार्यक्रमको लागि रु.२५०००००। बजेट विनियोजन भई रु. २२३९८०३। भुक्तानी भएको छ । विद्यालय भवन निर्माणका लागि २०७९।०९।०८ मा सम्झौता भई २०८०।३।१० मा सम्पन्न भएकोमा पूरै निर्माण कार्य सम्पन्न हुन नसकि सम्पन्न कामको नापी गरी भुक्तानी भएको छ । विद्यालयको भौत्तिक प्रगति ६० प्रतिशत मात्र भएको र बाँकी रकम संघीय संचितकोषमा फिर्ता भएको अवस्था छ ।यसबाट विद्यालय हाल अधुरो रही कार्यसम्पन्न नभएको अवस्था रहेकोले छिटै कार्यसम्पन्न गरी उक्त भवन प्रयोगमा ल्याउन पहल गर्नुपर्दछ ।

४२.३ **भगवती मा वि -** ३४ २०८०।३।२३ विद्यालय ४ कोठे भवन निर्माण कार्यका लागि रु ५०००००। बजेट विनियोजन भएकोमा रु ४८४०२७०। उक्त विद्यलायको कार्यसम्पन्न प्रतिवेदन पेश भएको छ । प्राप्त कागजात तथा निर्माणसम्पन्न साथ पेश गरेको फोटो अनुसार उक्त भवनमा रङरोगन लगायतको काम बाँकी नै रहेकोमा सो बापतको पूरै रकम भुक्तानी भएको अवस्था छ । निम्नानुसारको बढी भुक्तानी भइसकेको काम सम्पन्न गरी प्रमाण पेश गर्नुपर्दछ अन्यथा उक्त रकम असुल हुनुपर्दछ ।रु

| SN | Item | Qty | Rate | Amount |
|---|---|---|---|---|
| १९ | Providing and applying more – | ५६२.०३ | १८३.०४ | १०२८७३.६ |
| २० | Providing and applying –. | २४४.०८ | ३४५.२३ | ८४२६३.८६ |
| २१ | Providing and applying –. | ७७.८८ | ३४७.३३ | २७०४९.५१ |
| २२ | Providing Fabrication– | २६.६४ | २६५०.२ | ७०६०१.८ |
| २४ | Providing and Fixing—. | ९६९.३७ | १३३ | १२८९२६ |
|  |  |  | **Total** | **४१३७१४.८** |
|  |  |  | प्रमाण पेश नगरेको | ४,१३,७१५ |

४२.४ **जगत आधारभूत विद्यालय -** ३३ २०८०।३।२२ विद्यालय ४ कोठे भवन निर्माण कार्यका लागि रु ५०००००। बजेट विनियोजन भएकोमा रु ४८४८५०७। उक्त विद्यलायको कार्यसम्पन्न प्रतिबेदन पेश भएको छ । प्राप्त कागजात तथा निर्माणसम्पन्न साथ पेश गरेको फोटो अनुसार उक्त भवनमा रङरोगन लगायतको काम बाँकी नै रहेकोमा सो बापतको पूरै रकम भुक्तानी भएको अवस्था छ । निम्नानुसारको बढी भुक्तानी भइसकेको काम सम्पन्न गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने । रु

| SN | **Item** | **Qty** | **Rate** | **Amount** |
|---|---|---|---|---|
| १९ | Providing and applying more — | ७०२.५४ | १८३.०४ | १२८५९२ |
| २० | Providing and applying —. | ३०५.१ | ३४५.२३ | १०५३२८.६ |
| २१ | Providing and applying —. | १३३.९५ | ३४७.३३ | ४६५२३.९ |
| २२ | Providing Fabrication— | २६.६४ | २६५०.२ | ७०६०१.८ |
| २४ | Providing and Fixing—. | ६२८.४९ | १३३ | ८३५८९.३८ |
| | | | **Total** | **४३४६३५.७** |
| | | | प्रमाण पेश नगरेको | ४,३४,६३६ |

४२.५ **जनता आधारभूत विद्यालय -** ३७ २०८०।३।२४ ९२१५७६ र २२ २०८०।३।६ ३२१२६७८, ४ कोठे भवन निर्माणकार्यका लागि यस विद्यालयलाई ५०००००। बजेट विनियोजन भएकोमा रु ४१३४२५४। खर्च भएको छ ।उक्त विद्यालय निर्माण सम्पन्न भएको प्रतिबेदन पेश भएको छ । संलग्न कागजात परीक्षण गर्दा उक्त विद्यालयमा डिजाईन तथा स्पेशिफिकेशन अनुसारको झ्यालको प्रयोग नभएको । स्पेशिफिकेशन अनुसार काठको पल्ला तथ झ्याल प्रयोग गर्नुपर्ने रहेकोमा सिसाको झ्याल प्रयोग गरी निर्माण सम्पन्न भएको पाइएको छ । फरक नर्म्स तथा स्पेशिफिकेशन अनुसार निर्माण गरेकोमा गाउँपालिकाले भेरिएशन नगरी रकम भुक्तानी गरेको पाइएको छ।

४३ **लिम्सा दह सडक स्तरोन्नति -**

ठेक्का नं EGP/BRM/NCB/WORKS/०१/२०७८.७९ संघीय समपूरक कोषबाट लिम्सा दह सडक स्तरोन्नति कार्यका लागि खड्का कृष्ण शिवको जे.भी. सँग लागत अनुमान १० करोड रहेको उक्त योजनामा रु ९७३१५७१७।४१ को सम्झौता भई २०८०।३।१५ मा निर्माण कार्य सम्पन्न गर्ने गरी कार्यदिश दिएको पाइन्छ ।उक्त निर्माण कार्यका लागि २०७८।१२।५ गते मोविलाईजेशन पेश्की रु ८६०००००। भुक्तानी भइ सकेको छ भने हालसम्म पेश्की वाहेक रु ११६०१३११। मिति २०७९।४।३० सम्म निर्माण व्यवसायीले उक्त काम सुरु नगरेकाले गाउँपालिकाले काम सुरुगर्न

ताकेता गरी पत्र लेखेको देखिन्छ । उक्त निर्माण व्यवसायीले सुरुमा काम समयमै थालनी नगरेको कारण समयमा काम सम्पन्न नभएको देखिएको छ । कार्यपालिकाले उक्त निर्माण कार्यको अवधि समाप्त भएकोले २०८०।२।३० को निर्णयले थप १ वर्षको म्याद थप गरेको छ ।म्याद थप गर्दा म्याद थप गर्न अनुरोधका साथ पेश गर्नुपर्ने कागजातहरु जस्तै निवेदन, म्याद थप गर्नुपर्ने अवधि तथा सोको स्पष्ट कारण, Revised work Schedule, वीमा, कार्यसम्पादन जमानत, पेश्की जमानतको म्याद थप गरेको प्रमाण तथा हालसम्मको भौत्तिक प्रगति लगायतका विवरण संलग्न नरहेको देखिएको छ ।यसरी स्पष्ट कारण तथा कागजात बेगर कार्यपालिकाले म्याद थप गर्ने कार्य उचित देखिएन ।आगामी दिनमा पालिकाले यसतर्फ सुधार गरी तोकिएको म्यादभित्र कार्यसम्पन्न गराउनतर्फ ध्यान दिनुपर्दछ । साथै वीमा गरेको प्रमाण पेश नभएकोले सो पेश हुनुपर्दछ । उक्त ठेक्काको पेश्की जमानत बापतको रकम तथा पेश्की जमानतको कागजात पेश नभएकोले म्याद सहितको पेश्की जमानत पेश हुनुपर्दछ । रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८६,००,००० |

४४ **गाउँपालिकाको खातामा फिर्ता हुनुपर्ने -**

२८१।२०८०।३।२१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ ।त्यस्तै सम्झौता गरेर गरिने कुनै पनि कार्यमा सम्झौतामा उल्लेखित व्यवस्थालाई अक्षरस पालना गर्नुपर्दछ ।लिम्सा खानेपानी तथा सरसफाई उपभोक्ता समितिमार्फत खानेपानी निर्माण कार्य हेल्भेटस नेपालको सहयोगमा सञ्चालित योजना रहेको छ ।उक्त योजनामा यस गाउँपालिका र उक्त संस्थाको म्याचिङ फन्ड रहेको छ।फन्ड अनुसार यस गाउँपालिकाले व्यहोर्ने खर्च रु १०११५९४। रहेको छ भने पालिकाले खर्च व्यहोर्ने क्षेत्र तथा सामग्रीको स्पष्ट Breakdown गरिएको र सोही क्षेत्रमा मात्र गाउँपालिकाले खर्च गर्नुपर्ने देखिन्छ ।संलग्न प्रमाण, कागजात तथा विल भरपाईको परीक्षणबाट गाउँपालिकाले खर्च गर्न मिल्ने क्षेत्रहरु जस्तै दक्षकर्मी, ढुवानी तथा पाइप खरिद लगायतमा रु ८९८९०३। यस पालिकाले भुक्तानी गर्न मिल्ने देखिएकोमा रु ९५३२१३। भुक्तानी भएको छ । सम्झौतामा उल्लेखित भन्दा बढी भुक्तानी भएको रु ५४३१०। रकम उक्त हेल्भेटस नेपालबाट असुल गरी गाउँपालिकाको खातामा फिर्ता भएको प्रमाण पेश हुनुपर्दछ । रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५४,३१० |

४५ **हेल्भेटस नेपालबाट फिर्ता गर्नुपर्ने -**

२६७।२०८०।३।२० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । त्यस्तै सम्झौता गरेर गरिने कुनै पनि कार्यमा सम्झौतामा उल्लेखित व्यवस्थालाई अक्षरस पालना गर्नुपर्दछ । बूढीगाँउ खानेपानी तथा सरसफाई उपभोक्ता समितिमार्फत खानेपानी निर्माण कार्य हेल्भेटस नेपालको सहयोगमा सञ्चालित योजना रहेको छ ।उक्त योजनामा यस गाउँपालिका र उक्त संस्थाको म्याचिङ फन्ड रहेको छ।फन्ड अनुसार यस गाउँपालिकाले व्यहोर्ने खर्च रु ३१८८७९।६५ रहेको छ भने

पालिकाले खर्च व्यहोर्ने क्षेत्र तथा सामग्रीको स्पष्ट Breakdown गरिएको र सोही क्षेत्रमा मात्र गाउँपालिकाले खर्च गर्नुपर्ने देखिन्छ । संलग्न प्रमाण, कागजात तथा विल भरपाईको परीक्षणबाट गाउँपालिकाले खर्च गर्न मिल्ने क्षेत्रहरु जस्तै दक्षकर्मी, ढुवानी तथा पाइप खरिद लगायतमा रु २६१४९९ यस पालिकाले भुक्तानी गर्न मिल्ने देखिएकोमा रु २७६७७८। भुक्तानी भएको छ । सम्झौतामा उल्लेखित भन्दा बढी भुक्तानी भएको रु १५२७९। रकम उक्त हेल्भेटस नेपालबाट असुल गरी गाउँपालिकाको खातामा फिर्ता भएको प्रमाण पेश हुनुपर्दछ । रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,२७९ |

४६ **सम्झौताभन्दा बढी भुक्तानी -**

२८२।२०८०।३।२१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । त्यस्तै सम्झौता गरेर गरिने कुनै पनि कार्यमा सम्झौतामा उल्लेखित व्यवस्थालाई अक्षरश पालना गर्नुपर्दछ । सिल्पाचौर खानेपानी तथा सरसफाई योजना हेल्भेटस नेपालको सहयोगमा सञ्चालित योजना रहेको छ ।उक्त योजनामा यस गाउँपालिका र उक्त संस्थाको म्याचिङ फन्ड रहेको छ।फन्ड अनुसार यस गाउँपालिकाले व्यहोर्ने खर्च रु ६२७७२६।२३ रहेको छ भने पालिकाले खर्च व्यहोर्ने क्षेत्र तथा सामग्रीको स्पष्ट Breakdown गरिएको र सोही क्षेत्रमा मात्र गाउँपालिकाले खर्च गर्नुपर्ने देखिन्छ । संलग्न प्रमाण, कागजात तथा विल भरपाईको परीक्षणबाट गाउँपालिकाले खर्च गर्न मिल्ने क्षेत्रहरु जस्तै दक्ष कर्मी, ढुवानी तथा पाइप खरिद लगायतमा रु ५८७२५९। यस पालिकाले भुक्तानी गर्न मिल्ने देखिएकोमा रु ५९७४५७। भुक्तानी भएको छ । सम्झौतामा उल्लेखित भन्दा बढी भुक्तानी भएको रु १०१९८। रकम उक्त हेल्भेटस नेपालबाट असुल गरी गाउँपालिकाको खातामा फिर्ता भएको प्रमाण पेश हुनुपर्दछ । रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,१९८ |

४७ **पन्ध्र शैयाको आधारभूत अस्पताल निर्माण-**

भौ नं १।२०८०।३।२३ ठेक्का नं (EPG/NCB/BRM/WORKS/०१/०७७/७८) बाट अस्पताल भवन निर्माण गर्न मिति २०७८।३।१४ मा निमार्ण व्यवसायी खानी/धुलिखेल/जे.के.जे.भी. काठमाडौंसँग रु १८,३९,४९,२०६।६२ (मूअकर समेत) को सम्झौता भएकोमा २०७८।३।१४ मा शुरु भई २०८०।३।१४ मा सम्पन्न गर्नुपर्नेमा उक्त समयावधिमा सम्पन्न हुन नसकि कार्यालयले २०८०।२।३० को निर्णयानुसार २०८०।३।१५ देखि १ वर्षसम्मका लागि म्याद थप गरेको पाइयो । प्रथम रनिङ्ग विलको रु २,६१,३८,९९२। अर्थात् सम्झौता रकमको १४.२० प्रतिशत मात्र भुक्तानी भएको पाइयो । तसर्थ समयमै आवश्यक रकमको व्यवस्था गर्ने र समयमै कार्यसम्पन्न गरी जनतालाई स्वास्थ सेवामा सुविधा पुर्याउने कुरामा सम्वन्धित पक्षले ध्यान दिनुपर्ने देखिन्छ।

| भौ नं./मिति | रनिङ्ग विल | विलको रकम | अग्रिम कर | मू अ कर | धरौटी कट्टा गरेको |
|---|---|---|---|---|---|
| १।२०८०।३।२३ | प्रथम | २,६१,३८,९९२ | ३,०९,७७० | ८,०५,४०२ | १०,३२,५६६ |

## ४८ गत वर्षको भुक्तानी -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ९ बमोजिम बहुवर्षिय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समाबेश गरेर बजेट बनाउने व्यवस्था छ । साथै खर्च गर्दा चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । यस गाउँपालिकाले २०७८।७९ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. १००५३७७४ को भुक्तानी बाँकीको विवरण तयार गरी भुक्तानी गरेको पाइयो भने निम्नानुसारको संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु ३५५१७६४।- भुक्तानी गरेकोमा भुक्तानी बाँकीको विवरणमा उल्लेख नगरी खर्च लेखेको पाइएको छ । यसरी ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पालना बेगर यसप्रकारको खर्च नियमसम्मत नरहेको रु.

| भौ नं मिति | योजना | पार्टी | रकम |
|---|---|---|---|
| ३४ ।२०७९।९।४ | Prepartion of Tourism Master Plan | SUGI CONSULTANT PVT.LTD | १९८८८०० |
| ३५ २०७९।९।४ | Preparation of design estimate of Bhagawati Ma.vi linka Khanda | Siddi Mai Engineering consultancy Pvt.ltd | ४९५६४६ |
| २७०।२०८०।३।२१ | मोटरसाईकल प्रधानमन्त्री रोजगार | | ४६९०० |
| १५ २०७९।६।१३ | कुजेखोला देखि छिपछिपे पानी सडक मर्मत | रोयल एन वि कन्स्ट्रक्शन | ४८४३४६ |
| ७६ २०७९।१०।५ | बागडोरा सिना कोट बहुदेश्य खानेपानी | वि एण्ड वि हार्डवेयर प्रा लि | ७६८७२ |
| ७७ २०७९।१०।०५ | मुल्साम बहुउपयोगि खानेपानी तथा सरसफाई | | १६१४५८ |
| ११७ २०७९।१०।२० | फर्निचर तथा फिक्चर्स खरिद | बुटवल टेक्नो मार्ट | २९७७४२ |

| | | | |
|---|---|---|---|
| | | **जम्मा** | **३५५१७६४** |
| | | अनियमित भएको | ३५,५१,७६४ |

४९ **कोटेशनबाट निर्माण कार्य -**

सार्वजनिक खरिद ऐन ,२०६३ को दफा ८ (२) प्रतिस्पर्धालाई सीमित गर्ने गरी खरिद प्रक्रिया अगाडि बढाउनु हुँदैन भन्ने व्यवस्था रहेको एवं दफा ८५(१ ख) मा तोकिएको सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थावाट एकपटक भन्दा बढी सोझै खरिद गर्न नपाइने कानुनी व्यवस्था रहेकोमा पालिकाले एउटै खरिद प्याकेजवाट खरिद गर्न सकिने मालसामान तथा सेवामा पाँचलाख भन्दा बढी वा कमका टुक्रा बनाई खरिद गरेको छ । उल्लेखित उस्तै प्रकृतिका कामको टुक्रा पारी खरिद गरेको देखिएकाले कानुनमा भएको व्यवस्थाको पालना भएको देखिएन । सार्वजनिक खरिद ऐनमा भएको व्यवस्थाको पालना गरी खरिद कार्य गरिनु पर्दछ ।

| **भौ नं मिति** | **योजना** | **फर्म ।पार्टी** | **भुक्तानी** |
|---|---|---|---|
| २५।२०८०।३।१३ | सुगरखाला रङ्गशाला तथा खेल मैदान निर्माण | एन एस निर्माण सेवा | ७९३७५४ |
| १५ २०७९।६।१३ | कुजेखोला देखि छिपछिपे पानी सडक मर्मत | एन वि कन्स्ट्रक्शसन | ४८४००० |
| १९ २०७९।६।१४ | घाट पहिरो रेडक्रस पहिरो दोमिल्ला पहिरो सफा | दायक एण्ड डायल्सन कन्स्ट्रक्शन | ६१४७७४ |
| ४१ २०७९।९।६ | वडा नं १ र २ पहिरो सफा गर्ने कार्य | शुभलक्ष्मी निर्माण सेवा | ६६८४९५ |
| ४२ २०७९।९।६ | वडा नं ८ र ९ पहीरो सफा | के वि निर्माण सेवा | ४६२७४२ |
| ४६ २०७९।९।०७ | वडा नं १ २ ३ पहिरो सफा | रोयल एन वि कन्स्ट्रक्शन | ५८९५३५ |
| ५३ २०७९।९।११ | वडा नं ४ र ५ पहिरो सफाई | निशान निर्माण सेवा | ७९६००७ |
| ९३ २०७९।१०।१५ | वडा न ५, ६ र ७ मा सडक सफाई | रमण नि सेवा | ८९४२८३ |

| | | | |
|---|---|---|---|
| | | ला अ ९२३२८७ | |
| ३०४ २०८०।३।२४ | वडा नं १ र ८ सडक मर्मत | सन्तोष निर्माण सेवा | १८९३५६ |
| ३०५ २०८०।३।२४ | वडा नं १ मा पहिरो सफा गर्ने कार्य | त्रिशक्ति बिल्डर्स | १६७२२२ |
| ३०६ २०८०।३।२४ | वडा नं १ ९ र ५ मा पहिरो सफा | रमण निर्माण सेवा | ९७८७८ |
| | | **जम्मा** | **५७५८०४६** |

५० **सम्झौताभन्दा बढी अंश पालिकाबाट भुक्तानी -**

२५९ २०८०।३।१९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ ।त्यस्तै सम्झौता गरेर गरिने कुनै पनि कार्यमा सम्झौतामा उल्लेखित व्यवस्थालाई अक्षरस पालना गर्नुपर्दछ । अनुदान ७५ प्रतिशतमा फलफुलको विरुवा वितरण कार्यक्रममा यस भौचरबाट रु.२०००००। खर्च लेखेकोमा सौजन्य कृषि उत्पादन तथा सप्लायर्स प्रा लि बाट विभिन्न फलफुलको विरुवा खरिद तथा ढुवानो गरी रु.२०००००। भुक्तानी भएको छ । यस कार्यक्रमको सम्पूर्ण खर्च नै रु २०००००। रहेकोमा सम्झौता तथा कार्यक्रम अनुसार ७५ प्रतिशत मात्र यस गाउँपालिकाले व्यहोर्न मिल्ने देखिएकोमा सबै खर्च पालिकाले व्यहोरेको कारण पालिकालाई थप आर्थिक व्ययभार परेको पाइएको छ । अत- ७५ प्रतिशतले हुने रु.१५००००। बाहेकको बढी भुक्तानी गरेको रु.५००००। असुल हुनुपर्दछ ।रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

५१ **ज्याला बाहेकको भुक्तानी-**

प्रधानमन्त्री रोजगार निर्देशिकामा उल्लेख २०७९ को परिच्छेद ५ को नियम १९ मा निश्चित प्रतिशत श्रमिकको ज्यालामा खर्च गर्नेगरी व्यवस्था गर्नुपर्ने तथा गाउँपालिकाले निर्णय गरी नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाले पुंजीगत बजेटबाट रोजगारीमा खर्च गर्नुपर्ने बजेटको फरक फरक प्रतिशत तोक्नसक्ने उल्लेख छ । यस कार्यक्रमबाट विशुद्ध श्रमिकको ज्याला अर्थात् रोजगारीमा मात्र बजेट खर्च गर्नसकिने व्यहोरा उल्लेख गरेकोमा यस रोजगार कार्यक्रमको शीर्षकबाट अन्य खर्च दिन नसकिने उल्लेख भएकोमा यस गाउँपालिकाले निम्नानुसारको योजनामा भएको भुक्तानीमा श्रमिकको ज्याला सहित अन्य समाग्रीहरु जस्तै औजार, सिमेन्ट, जाली समेतको भुक्तानी भएकोले कार्यविधिमा भएको व्यवस्था अनुसार भएको नपाइएकोले सो बढी भुक्तानी भएको रकम अनियमित देखिएको रु

| भौ न मिति | योजनाको नाम | जम्मा भुक्तानी | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १७२ २०८०।२।२१ | सक्ला बाल कल्याण प्राविको शौचालय तथा कम्पाउन्ड निर्माण | ५९७२७५ | ४५२०७३ | १४५२०२ |
| २२० २०८०।३।१३ | काठको पुल र सामुदायिक स्वास्थ्य इकाई शौचालय निर्माण | ३४४३२८ | २२२७४१ | १२१५८७ |
| | **जम्मा** | | | **२६६७८९** |
| | | | प्रमाण पेश नगरेको | २,६६,७८९ |

## ५२ हेभी इक्विपमेण्टको प्रयोग -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु अनुसूचीमा समावेश गरिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ५२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ५३ आर्थिक सहायता -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । नगरपालिकाले यस बर्ष असहाय, विपन्न वर्ग, उद्दार, राहात तथा औषधि उपचार भनी आर्थिक सहायता बापत रु १४६००००।- वितरण गरेको देखियो । उक्त सहायता वितरण सम्बन्धी कार्यविधि बनाएको भए तापनि असहाय, विपन्न वर्गको वर्गीकरण तथा परिचय पत्र बेगर यस्तो खर्च गरेको छ । उक्त खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

## ५४ प्रमाण पेस गर्नुपर्ने -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ दफा ५ मा सरकारी रकमो खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। कायालयले विपद व्यवस्थापन शीर्षकबाट १३० बटा त्रिपाल खरिद गरेको विलको भुक्तानी गरेकोमा विल पुष्टयाई गर्ने भरपाई १०७ बटाको रहेकोमा २३ बटा त्रिपालको भरपाइ नदेखिएकोले प्रमाण पेस गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,३२४ |

५५ **गरिवी निवारणको लागि लघु उद्यम संचालन -**

गरिवी निवरणको लागि लघु उद्यम कार्यक्रम निर्देशिका २०७७ को दफा ३९(४) मा सामान विक्रीवाट प्राप्त रकम तालिम सम्पन्न भएपछि शाखा/कार्यलयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने, विक्री हुन नसकेको सामान विक्रीको लागि कोशेली घर वा अन्य विकल्प खोज्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्नानुसारको सीप विकास तालिम संचालन गरी सोको अभिलेख राखि आयआर्जन गरेको देखिएन । निर्देशिकामा भएको व्यवस्था पालना गर्नुपर्ने देखिन्छ।साथै विभिन्न तालिम कार्यक्रममा प्रयोग हुने कच्चा पदार्थहरुको सम्बन्धमा एकरुपता नदेखिएकोले तालिमको प्रकृति/अवधिको आधारमा सूचकहरु निर्धारण गरी कच्चा पदार्थमा हुने खर्चलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ।

| **तालिमको नाम** | **कुल खर्च** | **कच्चा पदार्थ** | **तालिम अवधि** |
|---|---|---|---|
| अल्लो प्रशोधन तथा कपडा बुनाइ सीप विकास तालिम | ३३४४०४ | ४०२८४ | २ महिना |
| होजियारी उत्पादन सिप विकास तालिम | ४०६२४० | ५२००० | १ महिना |
| मौरीपालन सिप विकास तालिम | १०९७०० | २१००० | १ हप्ता |
| कुखुरा पालन सीप विकास तालिम | १०९७०० | २१००० | १ हप्ता |
| **जम्मा** | **९६००४४** | **१३४२८४** | |

५६ **मर्मत, सम्भार अभिलेख नराखेको** ( -)

सवारी तथा मेशिनरी मर्मत संभार गर्दा म.ले.प. फाराम नं. ४१५ को ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त फाराम नराखी यस्ता सवारी मर्मत सम्भार गरी खर्च भुक्तानी गर्ने गरेको देखियो ।यसका केही उदाहरणहरु स्वरुप कार्यालयको स्वामित्वमा रहेको व्याकहो लोडर मर्मतमा पटक पटक गरी रु.१४४९६५०। रुपैयाँको मर्मत गरिएको देखियो । यस्ता कार्यहरु आगामी दिनमा तोकिएको मर्मत सम्भार अभिलेख खातामा उल्लेख गरेर मात्र खर्च गर्ने गराउने व्यवस्था मिलाउनुपर्नेमा गराएको पाइएन ।

५७ **राजस्व असुली -**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०८०।११।३० को निर्णयबाट रु. ३६२०० सम्परीक्षण गरिएको ।)***

## ५८ ईन्धन खर्चको लगबुक नभएको -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदयित्व नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमक भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकामा भएको कार्यालय प्रयोजनमा सवारी साधनाको ईन्धन खर्च लेखेकोमा लगबुक भरेको पाइएन । जसले गर्दा वास्तविकरुपमा कति इन्धन खर्च भएको हो यकिन गर्ने आधार रहेन । तसर्थ सवारी साधन प्रयोग गरेकोमा लगबुक राखी ईन्धन खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

| सिं नं | प्रयोजन | रकम |
|---|---|---|
| १ | ईन्धन कार्यालय प्रयोजन | १८८४२०१ |
| २ | ईन्धन अन्य प्रयोजन | १४४५२५ |

## ५९ बिबिध खर्च -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.१९९०९८०। खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

## ६० धरौटी -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ । यसरी फरक परेको रकम रु ४५८६६१ को सम्बन्धमा स्पस्ट पार्नुपर्दछ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| धरौटी | ५७२२१२४ | ६१८०७८५ | ४५८६६१ |

## ६१ स्यानिटरी प्याड -

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २१६७ जना रहेका छन् । पालिकाले २२ वटा विद्यालयको खातामा स्यानिटरी प्याड वापतको रकम

रु.२०,२३,९७८। राखेकोले खरिद गर्दा विक्रेताको नाम,खरिद प्रकृया, खरिद संख्या, वितरण स्थिति आदि समावेश गरेको प्रमाण पेश हुनुपर्दछ । रु.

| सि नं | भौ नं मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | २३१।२०८०।३।१४ | सामुदायिक विद्यालयका छात्राहरुलाई वितरण गर्नका लागि | २०२३९७८ |
| | | प्रमाण पेश नगरेको | २०,२३,९७८ |

६२ **करार कर्मचारीलाई भत्ता -**

सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्रबाट २०७४।७५ बाट लागु हुने गरी करार कर्मचारीको सेवा सुविधाको बारेमा गरेको परिपत्रमा उल्लेखित सेवा सुविधा बाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था उल्लेख छ । पालिकाले विभिन्न शीर्षकबाट तलव भत्ता खाने गरी देहायका पदमा करार कर्मचारी भर्ना गरी भत्ता भुक्तानी भएको देखिन्छ । यसरी नियम विपरीत रु.५०७७२०। भत्ता भुक्तानी दिएको नियमसंम्मत नदेखिएको रु.

| **सि न** | **पद र नाम** | **भत्ता शीर्षक** | **रकम (मासिक)** | **जम्मा(वार्षिक)** |
|---|---|---|---|---|
| १ | सव ईन्जिनियर केशव बहादुर श्रेष्ठ | स्थानीय भत्ता तथा मंहगी भत्ता | १०८०० | १२९६०० |
| २ | सव ईन्जिनियर ईश्वर विक्रम शाही | स्थानीय भत्ता तथा मंहगी भत्ता | ७५१० | ९०१२० |
| ३ | अ सव ई कर्ण बहादुर सिंह | स्थानीय भत्ता तथा मंहगी भत्ता | ६६०० | ७९२०० |
| ४ | अ सव ई पृथ्वी बहादुर नेपाली | स्थानीय भत्ता तथा मंहगी भत्ता | ६६०० | ७९२०० |
| ५ | कार्यक्रम अधिकृत श्रम बहादुर सिंह | स्थानीय भत्ता तथा मंहगी भत्ता | १०८०० | १२९६०० |
| **जम्मा** | | | | **५०७७२०** |
| | | | अनियमित भएको | ५,०७,७२० |

६३ **स्वकीय सचिव र सल्लाहकार -**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्ननहुने उल्लेख छ । तर गाउँपालिका अध्यक्षको स्वकीय सचिवकारुपमा सहायकस्तर तलब भत्ता भुक्तानी हुने गरी श्री लोकेन्द्र सिंहलाई नियुक्त गरी मासिक रु.१८ हजार का दरले रु.२ लाख ३४ हजार भुक्तानी गरेको तथा गाउँपालिका उपाध्यक्षको स्वकीय सचिवकारुपमा सहायकस्तर तलब भत्ता भुक्तानी हुने गरी श्री नारायण सिंहलाई नियुक्त गरी मासिक रु.१५ हजार का दरले रु.१ लाख ९५ हजार भुक्तानी भएको छ । यसरी नियमावलीमा भएको व्यवस्था विपरीतको कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,२९,००० |

६४ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी नयाँ शैक्षिक सत्र सञ्चालनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.२९५१३५३०। तलब भत्ता भुक्तानी गरेको पाइयो । यसमा सुधार हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६५ **प्रमाण पेश गर्नुपर्ने -**

४२। २०७९।९।१९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । निम्न भौचरहरुबाट भएको कार्यको प्रमाण पेश हुनुपर्दछ । रु

| **भौ न मिति** | **कार्यक्रम** | **व्यहोरा** | **रकम** |
|---|---|---|---|
| ८७। २०७९।१०।१२ | विपद जोखिम व्यवस्थापन | व्लाङ्केट तथा सिरक रु १६४००८ को वितरण भरपाई नरहेको तथा रु १३५००० | १६४००८ |

| | | | |
|---|---|---|---|
| ३००।२०८०।३।२४ | इन्टरकम तथा सि सि क्यामेरा जडान | महालक्ष्मी सप्लायर्सको विल न ४७ ४९ र ५० बाट रु ९८८३०९ को जडान कार्य भइ भुक्तानी भएकोमा मिति नै उल्लेख नभएको विजकबाट भुक्तानी भएकोले सो विजकक को मु अ कर समायोजन पेश गर्नुपर्दछ रु १०८६९८ | १०८६९८ |
| | | जम्मा | **२७२७०६** |
| | | प्रमाण पेश नगरेको | २,७२,७०६ |

६६ **उपभोक्ताले निर्माण व्यवसायीबाट काम गराएको -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्छ र कुनै निर्माण व्यवसायी वा सब- कन्ट्र्याक्टरबाट गराउन सक्ने छैन भन्ने व्यवस्था रहेको छ । कुनै कारणबस समितिले काम गर्न नसकेमा सो सम्बन्धमा आवश्यक जाँच गरी सो समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम यस नियम र नियमावली बमोजिम गराउनु पर्ने व्यवस्था रहेको छ । यस पालिका अन्तर्गत निम्नानुसारका योजनामा उपभोक्ता समितिले सम्झौता गरेको रकमको अधिकांश वा सतप्रतिशत कार्य निम्नानुसारका सब- कन्ट्र्याक्टरबाट गराएको देखियो । यस सम्बन्धमा कार्यालयले आवश्यक जाँच गरी कानुन बमोजिम गरेको देखिएन । उपभोक्ताले सम्झौता बमोजिमको निम्न कार्य निर्माण व्यवसायी बाट गराएकोले मनासिब देखिँदैन ।

यस दफा संग सम्बन्धित विवरण अनुसूची संलग्न छ ।

**(विस्तृत विवरण बेरूजु दफा ६६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६७ **कर असुल नगरेको -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । आयकर ऐन, २०५८ को दफा ८७ र ८८ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ढुवानी र बैठक भत्ता भुक्तानी गर्दा कर कट्टा नगरी भुक्तानी गरेको पाइयो । यसरी बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

| **भौ न मिति** | **कार्यक्रम** | **व्यहोरा** | **रकम** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ८६ २०७९।१०।१२ | अति विपन्न लाई राहत वितरण | ढुवानी रु ९०००० को ढुवानी वापतको १० प्रतिशत कट्टा नगरेको | ९००० |
| ८७ २०७९।१०।१२ | विपद जोखिम व्यवस्थापन | ढुवानीमा १०प्रतिशत रु १३५०० दाखिला हुनुपर्नेमा रु ९००० दाखिला भइ रु ४५०० छुट भएको | ४५०० |
| १५७ २०७९।२।२ | आधारभूत अस्पताल एम्बुलेन्स भवन निर्माण | ढुवानी रु २२००० को १० प्रतिशत कट्टा नगरेको रु २२०० | २२०० |
| २५४ २०८०।३।१८ | लिम्सा देखि सिर्पाचौर सडक स्तरोन्नति | ढुवानी रु ७०००० को १० प्रतिशत ढुवानी कर दाखिला गर्नुपर्ने रु ७००० | ७००० |
| २६१ २०८०।३।२० | बुहूक्षेत्रीय पोषण कार्यक्रम | समितिको बैठक लागायत कार्यक्रमको बैठक भत्ता भुक्तानी गरेकोमा १५प्रतिशत पारिश्रमिक कर दाखिला गर्न बाँकी रु ३०३२५ | ३०३२५ |
| | | **जम्मा** | **५३०२५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,०२५ |

६८ **जलवायु समपूरक कोषबाट मोटरसाइकल खरिद -**

१२८ २०७९।११।१४ समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७५ को नियम ३ मा अनुदान प्रदान गरिने क्षेत्रहरु उल्लेख गरेको छ ।उक्त व्यवस्था अनुसार यस कोषबाट सवारी साधन खरिद गर्न सकिने प्रावधान उल्लेख गरेको देखिँदैन

। यस भौचरबाट रु.३९१८९९ को मोटरसाइकल खरिद गरी भुक्तानी गरेको पाइएकोले सो कार्य नियमित नदेखिएको रु.३९१८९९

| | |
|---|---|
| अनियमित भएको | ३,९१,८९९ |

६९ **परामर्स तथा डीपीआर खर्च -**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|
| सुगरखाल रंगशाला | पीस इन्जीनियरिङ्ग कन्ल्टेन्सी | २०००००० | १९९४७६६ | २४५४९४४७३ |
| छेडाखोला सडक पुल | स्पार्क एडभान्स इन्टरप्राइजेज प्रा ली | १२४५१८३ | १२३७३५० | ३६०९७०९७ |
| वेर्ना सडकपुल | पर्टिनेन्ट इन्जीनियरिङ्ग कन्सल्टेन्सी प्रालि | १२४५१८३ | १२४३००० | ६३२८३६०५ |
| सेरी रोकायगाउ मुल्साम सडक | साइन्टफिक इन्जीनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्टक्सन | २०००००० | १९५५३५१ | ४८४९२८३६ |
| पर्यटन गुरुयोजना निर्माण | सुगी कन्सल्टेन्सी प्रा लि | २०००००० | १९८८८०० | ३४३७०८१०४ |
| ४ न वडा कार्यालयदेखि लिम्क सम्मको सडक | सिद्धमाइ इन्जीनियरिङ्ग कन्सल्टेन्सी कन्टक्सन | ५०००५०० | ४९५६४६ | ३७८९३५१८९ |
| | **जम्मा** | **१३४९०८६६** | **८९१४९१३** | **१११६०११३०४** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

## ७० करार कर्मचारी -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ। तर पालिकाले ईन्जिनियर जनस्वास्थ्य अधिकृत सूचना अधिकृत कम्प्यूटर अपरेटर सव ईन्जिनियर प्रशासन सहायक फिल्ड सहायक लगायत विभिन्न पदमा ८७ जना कर्मचारीहरु करारमा राखी रु ३५९०१३२२। खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकीदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको विभिन्न ईन्जिनियर, जनस्वास्थ्य अधिकृत, सुचना अधिकृत, कम्प्यूटर अपरेटर सव ईन्जिनियर, प्रशासन सहायक, फिल्ड सहायक लगायत विभिन्न पदमा ५३ जना कर्मचारीहरु करारमा राखी रु.२६८९६४५६। खर्च लेखेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,६८,९६,४५६ |

## ७१ मूल्य अभिवृद्धि कर कट्टी -

आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७८।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार मूअकरको ३० प्रतिशत रकम कट्टी नगरी घटी कट्टी गरेको तथा राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको तथा घटी मूअकर कट्टी देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५५,५६० |

**(विस्तृत विवरण बेरूजु दफा ७१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्ष- २०७९/८०**

**कार्यालय र स्थान -** बारेकोट गाउँपालिका, जाजरकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|

**बेरुजु वर्गीकरण-**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २२२,७२५ | ३१,८७६,२८९ | १८,०७५,१५० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५०,१७४,१६४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ३६,२०० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५०,१३७,९६४ |

**स्थानीय तह -**

| **गत बर्षको जिम्मेवारी** | | ४२३७८४३०.७४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१३१०४४४८.२ | **चालु खर्च** | ३०९०८४४६०.६१ |
| **प्रदेश सरकारबाट अनुदान** | ५१५१०७५० | **पूँजीगत खर्च** | १५५०५५०७२.२ |
| **राजश्व बाँडफाँट** | ८५४४९५७५.९९ | **वित्तीय/अन्य व्यवस्था** | १४३८२४५३५ |

| | | | |
|---|---|---|---|
| **आन्तरिक आय** | २२५६७१४.० | | |
| **अन्य आय** | १४५८६४१५९.६३ | | |
| **कुल आय** | ५९८१८५६४७.८२ | **कुल खर्च** | ६०७९६४०६७.८१ |
| **बाँकी मौज्दात** | | ३२६०००१०.७५ | |

**बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| **आय** | | | | **व्यय** | | | |
|---|---|---|---|---|---|---|---|
| **सि.नं.** | **विवरण** | **रकम** | **जम्मा** | **सि.नं.** | **विवरण** | **रकम** | **जम्मा** |
| १. | गतको अल्या | ० | ४२३७८४३०.७४ | १. | चालु खर्च | ० | ३०९०८४४६०.६१ |
| १. | संचितकोष खाता | ३३१२३५८४.७४ | | १.१ | संघीय समानीकरण अनुदान | ३६४१७१५०. | |
| २. | प्रकोप व्यवस्थापन कोष | ५८८६९९५. | | १.२ | संघीय सशर्त अनुदान | १९५९७१०५९.२ | |
| ३. | चालु खर्च खाता | ० | | १.३ | प्रदेश समानीकरण अनुदान | ३५०७७५४. | |
| ४. | पुँजीगत खर्च खाता | ० | | १.४ | प्रदेश सशर्त अनुदान | ४५४०३८. | |
| ५. | धरौटी खाता | ३३६७८५१. | | १.५ | संघीय राजस्व बाँडफाँड | ६८६६२७४४.४१ | |
| ६. | विविध खर्च खाता | ० | | १.६ | आन्तरिक स्रोत (राजस्व) | ४०७१७१५. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | संचितकोष खाताको जम्मा | ० | | २. | पुँजीगत खर्च | ० | १५५०५५०७२.२ |
| २.१ | सघीय वित्तीय समानीकरण अनुदान | ८२०४७५००. | ४५२३२१४८८.१९ | २.१ | सघीय वित्तीय समानीकरण अनुदान | ३५८०२८२८.४९ | |
| २.२ | संघीय राजस्व बाँडफाँड | ८४९३७६४१.४२ | | २.२ | संघीय राजस्व बाँडफाँड | ११६४१५८०. | |
| २.३ | आन्तरिक स्रोत (राजस्व) | २२५६७१४. | | २.३ | आन्तरिक स्रोत (राजस्व) | २७३०१३२४.७१ | |
| २.४ | संघीय सशर्त अनुदान | २१९४५५६३७.२ | | २.४ | संघीय सशर्त अनुदान | २१८८८१३९. | |
| २.५ | सघीय समपूरक अनुदान | ११६०१३११. | | २.५ | सघीय सपूरक अनुदान | ११६०१३११. | |
| २.६ | प्रदेश समानीकरण अनुदान | ८२११०००. | | २.६ | प्रदेश समानीकरण अनुदान | ३९७४१७७. | |
| २.७ | प्रदेश सशर्त अनुदान | २७२९९७५०. | | २.७ | प्रदेश समपूरक अनुदान | १००००००० | |
| २.८ | प्रदेश समपूरक अनुदान | १००००००००. | | २.८ | प्रदेश सशर्त अनुदान | २६८४५७१२. | |
| २.९ | प्रदेश विशेष अनुदान | ६०००००० | | २.९ | प्रदेश विशेष अनुदान | ६०००००० | |
| ३. | प्रदेश राजस्व वाडफाट | ५११९३४.५७ | | २.१ | प्रदेश राजस्व वाडफाट | ० | |
| ३. | कार्यसंचालन कोष खाताहरु | ० | १७६४३०१४.६३ | ३. | कार्यसंचालन कोष खाताहरु | ० | १५६०३३९०. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१ | प्रकोप व्यवथापन कोष | ० | | ३.१ | प्रकोप व्यवस्थापन कोष | ५४५८९३. | |
| ३.२ | विविध खर्च खाता | १४४७६८९४.६३ | | ३.२ | विविध खर्च खाता | १४२४५६५०. | |
| ३.३ | धरौटी खाताको आम्दानी | ३१६६१२०. | | ३.३ | धरौटी खाताको खर्च | ८११८४७. | |
| ४. | अन्तरसरकारी अख्तियारी | | १२८२२११४५. | ४. | अन्तरसरकारी अख्तियारी | | १२८२२११४५. |
| ४.१ | सामाजिक सुरक्षा संरक्षण | ७९३५३९००. | | ४.१ | सामाजिक सुरक्षा संरक्षण | ७९३५३९००. | |
| ४.२ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २६१३८९९२. | | ४.२ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २६१३८९९२. | |
| ४.३ | पूर्वाधार विषेश कार्यक्रम ३३७००९०१४ | ५९३७६३०. | | ४.३ | पूर्वाधार विषेश कार्यक्रम | ५९३७६३०. | |
| ४.४ | जलश्रेत तथा उर्जा विकास ३०८००९०१४ | ८८०००००. | | ४.४ | खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय | ८८०००००. | |
| ४.५ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ६७१७६०. | | ४.५ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ६७१७६०. | |
| ४.६ | जनता आवास कार्यक्रम | ६५०८७५०. | | ४.६ | जनता आवास कार्यक्रम | ६५०८७५०. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ३३७०१९०९ ४ | | | | | | |
| ४.७ | सामाजिक विकास मन्त्रालय ३५०००११ ४ | १३००७९. | | ४.७ | सामाजिक विकास मन्त्रालय | १३००७९. | |
| ४.८ | प्रदेश स्थानीय शासन सहयेग कार्यक्रम | ६८००३४. | | ४.८ | प्रदेश स्थानीय शासन सहयेग कार्यक्रम | ६८००३४. | |
| | | | | ५. | वैंक मौज्दात | ० | ३२६०००१०.७५ |
| | | | | ५.१ | संचितकोष खाता | १९७०९१००.९ २ | |
| | | | | ५.२ | सघीय सशर्त अनुदानको फिर्ता गर्न वाकी | १५९६४३९. | |
| | | | | ५.३ | विविध खर्च खाता | २३१२४४.८३ | |
| | | | | ५.४ | प्रकोप ब्यवथापन कोष | ५३४११०२. | |
| | | | | ५.५ | धरौटी खाता | ५७२२१२४. | |
| | **जम्मा** | | ६४०५६४०७८ | | **जम्मा** | | ६४०५६४०७८ |

**बेरूजु दफा ३९ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| | **योजनाको नाम** | | **योगदान** | **खर्च रकम** | **बढी खर्च** |
|---|---|---|---|---|---|

| सि न | | कूल बजेट रु हजारमा | NCCSP-२ | पालिका | NCCSP-२ | पालिका | |
|---|---|---|---|---|---|---|---|
| १ | रोकायागाउँ खानेपानी योजना बारेकोट २ | ८००० | ७००० | १००० | ६९९६८६३ | ९९९६०८ | ० |
| २ | कोटिलीखोला तटबन्धन बारेकोट १ | ८००० | ७००० | १००० | ६५७७९१६ | ९९६१६७ | ० |
| ३ | लैखम तरकारीखेती बारेकोट ८ | ४१०० | ४००० | १०० | ४०४८४५० | १००००० | ४८४५० |
| ४ | जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशीलता सम्बन्धी सचतना सम्बन्धी कार्यक्रम संचालन | ४२८ | ४२८ | ० | ४७८००० | ० | ५१००० |
| ५ | प्राविधिक उपकरण अन्य आवश्यक खर्च तथा ईन्धन | ५०० | ० | ५०० | ० | ५०० | |
| | **जम्मा** | **२१०२८** | **१८४२८** | **२६००** | **१८१०१२२९** | **२०९६२७५** | **९९४५०** |

**बेरूजु दफा ५२ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| भौ न मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ३२।२०७९।९।०३ | सरस्वती मा वि फिल्ड निर्माण उ स | फिल्ड निर्माण | १९६४७७ | डोजर | १९६४७७ |
| ५०।२०७९।९।८ | सेपुखोला मोटरबाटो मर्मत उ स | सडक मर्मत | ९८०२८ | डोजर | ९८०२८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५९।२०७९।०९।१२ | बुढागाँउ खण्ड सडक सडक निर्माण | सडक निर्माण | ३९७५८३ | डोजर | ३९७५८३ |
| ६६।२०७९।०९।२५ | काउली पुल बाटो मर्मत उ स | सडक मर्मत | ५९१८८ | डोजर | ५९१५५ |
| १५१ २०७९।१२।०१ | गोरख आ वि फिल्ड निर्माण उ स | फिल्ड निर्माण | ७६८००० | जम्मा | ७६८००० |
| १५५ २०७९।२।०२ | तल्लो कासी देखि माथि कासि सम्म सडक निर्माण उ स | सडक निर्माण | ४००००० | जे सि वि | ३९७१४० |
| | | | | **जम्मा** | **१९१६३८३** |

**बेरूजु दफा ६६ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| **भौ नं मिति** | **योजना** | **सब कन्ट्र्याक्टर** | **विल रकम** | **गाउँपालिका भुक्तानी** |
|---|---|---|---|---|
| ३१ २०७९।९।३ | उछिढुंगा सनाकोट वयाला सडक नि उ स | दायक एण्ड डायल्सन कन्स्ट्रक्शन | २९४२०० | २९४२०० |
| ३२ २०७९।९।३ | सरस्वती मा वि फिल्ड निर्माण | शिवशंकर निर्माण सेवा एण्ड सप्लायर्स | १९६४७७ | १९६४७७ |
| ९९ २०७९।१०।१८ | घाटखोला मोटरबाटो मर्मत उ स | निशान निर्माण सेवा | १३८५९४ | १३८५९४ |
| १३८ २०७९।११।२१ | तल्लो खरि देखि माथिल्लो खरि सडक निर्माण | दायक एण्ड डायल्सन कन्स्ट्रक्शन | ३९८६६४ | ३९७८७५ |
| १३९ २०७९।११।२१ | कोल्लेनी वण्डला सडक निर्माण उ स | श्री कृष्ण कन्स्ट्रक्शन | १४०३४६० | १३३७९५२ |
| २७७ २०८०।३।३१ | देविल्ला देउलचौर सडक निर्माण उ स | साइन्टिफिक इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि | १९०६८३ | १९०६८३ |

| | | | | |
|---|---|---|---|---|
| २५६ २०८०।३।१८ | ३ नं वडा कार्यालय देखि मूल्साम सडक निर्माण | रोयल एन वि कन्स्ट्रक्शन | २८१२४०५ | ३५२२११० |
| २६३ २०८०।३।२० | लिम्सा देखि सेरी सम्म सडक निर्माण उ स | त्रिशक्ति विल्डर्स | १४३०५०७ | १५५३३८२ |
| २६६ २०८०।३।२० | सिर्पाचौर बयाला सडक निर्माण उस | त्रिशक्ति विल्डर्स | ४४००८४ | ४५१०१२ |
| २४५ २०८०।३।१२ | सिमतारा ताफुसैनिक सडक निर्माण उ स | एन एस निर्माण सेवा | ७६७८६८ | ६८९३०० |
| १९२ २०८०।२।१२ | वडा कार्यालय हुँदै धुमा सडक निर्माण उ स | युनिट ग्रुप कन्स्ट्रक्शन प्रा लि | ८६०४४० | ८६०४४० |
| | | | **जम्मा** | **९६३२०२५** |

**बेरूजु दफा ७१ सँग सम्बन्धित विवरण - अनुसूची -७**

| क स | भौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | करयोग्य रकम | मुअकर कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|---|---|
| १ | २७।२०७९।०६।११ | शिखर कार डेकोरेसन प्रा.लि | ६०५९८७०७६ | ४४०७५० | ५७२९८ | १७१८९ |
| २ | २८।२०७९।०६।११ | गणेश अटो बर्क उद्यग | ३००१२६९०५ | २४३४९५ | ३१६५४ | ९४९६ |
| ३ | ९३।२०७९।०८।२७ | सिमरन स्टोर | ३०२३३०६०१ | ४३८७३० | ५७०३५ | १७११० |
| ४ | ९४।२०७९।०७।१७ | आचार्य स्टेशन एण्ड सप्लायर्स | ३०१९६५६२६ | ४३५४८० | ५६६१२ | १६९८४ |
| ५ | ९५।२०७९।८।२६ | पप लाइफ डिजिटल | ३०५४८८२३९ | ३७४११८ | ४८६३५ | १४५९१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | २४८।२०७९।११।२८ | जागोस सप्लायर्स एण्ड सर्भिसेज क लि प्रा लि | ६०१८६४२७२ | २११२५० | २७४६३ | ८२३९ |
| ७ | १५।२०७९।६।१३ | एन वि कन्स्ट्रक्शसन | १२५१०१८५९ | ४८४३४६ | ५५७२१ | १६७१६ |
| ८ | १९।२०७९।६।१४ | घाट पहिरो रेडक्रस पहिरो दोमिल्ला पहिरो सफा | | ६१४७७४ | ७०७२६ | २१२१८ |
| ९ | १८।२०७९।६।१४ | स्वास्थ्य शाखा शौचालय निर्माण | ६०५६७५८७२ | १९७१९२ | २२६८६ | ६८०६ |
| १० | ३१।२०८९।९।३ | उछ्रिढुंगा सनाकोट वयाला सडक नि उ स | ३०३८७५०९५ | २९४२०० | ३३८४६ | १०१५४ |
| ११ | ३२।२०७९।९।३ | सरस्वती मा वि फिल्ड निर्माण | | १९६४७७ | २२६०४ | ६७८१ |
| १२ | ११७ ।२०७९।१०।२० | बुटवल टेक्नो मार्ट | ३०५३५१८८९ | २९७७४२ | ३४२५४ | १०२७६ |
| | | **जम्मा** | | **४२२८५५४** | **५१८५३४** | **१५५५६०** |